# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. नेपालद्वारा आर्थिक वर्ष २०७५।७६ को मौद्रिक नीति सार्वजनिक

गभर्नर डा. चिरंजीबि नेपालले २०७५ असार २७ गते एक समारोहका बीच आर्थिक वर्ष २०७५/७६ को मौद्रिक नीति सार्वजनिक गर्नुभयो ।




गभर्नर डा. नेपालले सार्वजनिक गर्नुभएको उक्त मौद्रिक नीति अन्तर्राष्ट्रिय आर्थिक अवस्था, देशको वर्तमान आर्थिक तथा मौद्रिक स्थिति, नेपाल सरकारको बजेट आदिसँग तादात्म्य हुने गरी तर्जुमा गरिएको छ ।

आर्थिक वृद्धि, वित्तीय क्षेत्र सुधार, नियमन तथा सुपरिवेक्षण, लघु वित्त तथा वित्तीय ग्राहक संरक्षण, वित्तीय साक्षरता, विदेशी विनिमय व्यवस्थापन लगायतका क्षेत्रलाई पनि मौद्रिक नीतिले सम्बोधन गरेको छ । मौद्रिक नीतिको कार्यान्वयनबाट ब्याजदर लगायत समग्र आर्थिक स्थायित्व तथा आर्थिक वृद्धिदर हासिल हुने अपेक्षा गरिएको छ ।

उक्त मौद्रिक नीति सार्वजनिक समारोहमा अर्थ सचिव एवम् सञ्चालक डा. राजन खनाल, नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नरद्वय चिन्तामणि शिवाकोटी र शिबराज श्रेष्ठ, सञ्चालकहरु प्रा.डा श्रीराम पौड्याल, रामजी रेग्मी, डा. सुवोधकुमार कर्ण लगायत नेपाल सरकार तथा बैंकका उच्च अधिकृतहरुका साथै सरोकारवाला निकायका प्रतिनिधिहरुको उल्लेख्य सहभागिता रहेको थियो ।

उक्त कार्यक्रममा अनुसन्धान विभागका कार्यकारी निर्देशक नरबहादुर थापाले स्वागत मन्तव्य राख्नु भएको थियो ।

गभर्नर डा. नेपालले सार्वजनिक गर्नुभएको सो मौद्रिक नीतिको पूर्ण पाठ नेपाल राष्ट्र बैंकको वेबसाइट www.nrb.org.np को MONETARY POLICY शीर्षकमा राखिएको छ ।

२०७५ असार २७, बुधबार

गभर्नरको कार्यालय